म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ७ सोमबार २१ साउन २०८१ ने. सं. ११४४ गुँलाथ्व 5 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सौन्दर्यकर्मी युनियनको अध्यक्षमा सिटौला

हेटौंडा, २० साउन/राष्ट्रिय सौन्दर्यकर्मी युनियन नेपाल हेटौंडा उपमहानगर कमिटीको अध्यक्षमा सम्झना सिटौला चयन भएकी छन् । हेटौंडामा भएको सौन्दर्यकर्मीको भेलाले सिटौलाको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

समितिको उपाध्यक्षमा रुपा अर्याल, सचिव लक्ष्मी उप्रेती मैनाली, सहसचिव सुभद्रा खड्गे, कोषाध्यक्ष सुनिता मानन्धर चयन भएका छन् ।

सौन्दर्यकर्मी युनियनका केन्द्रीय महासचिव सुजना जोशीको प्रमुख आतिथ्यतामा भेलाको आयोजना भएको थियो । संघले सौन्दर्यकर्मीको क्षमता विकासका लागि नयाँ तालिम सञ्चालन गर्ने नवनिर्वाचित अध्यक्ष सिटौलाले प्रतिबद्धता व्यक्त गरिन् ।

# चुरियामाई सुरुङ अझै सञ्चालनमा आएन

साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ पुर्ननिर्माण भएको पाँच महिना बितिसक्दा पनि गाडी गुड्न प्रयोग हुने दक्षिण एसियाकै पहिलो मानिएको चुरियामाई सुरुङ सञ्चालनमा आउन सकेको छैन ।

एक सयवर्ष भन्दा बढी पुरानो यो सुरुङलाई बागमती प्रदेश सरकारले गाडी गुडाउन नभई ऐतिहासिक पर्यटकीय क्षेत्रको रुपमा पुननिर्माण गरेको हो । चुरियामाई सुरुङ सर्वसाधारण पर्यटकका लागि खुला नगरिएको हो । प्रदेश सरकारले हेटौंडा उपमहानगर पालिकालाई हस्तान्तरण नगरेका कारण सुरुङका दुवैतर्फका ढोका बन्द रहेको जनाइएको छ । प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले सुरुङको जीर्णोद्धार कार्य गरेर गत फागुन २०८० को अन्तिम साता सकेको थियो ।

चुरियामाई संरक्षण विकास समितिका अध्यक्ष प्रेमबहादुर भोम्जनले प्रदेश सरकारले उपमहानगरपालिकालाई हस्तान्तरण गर्ने र उपमहानगरपालिकाले चुरियामाई संरक्षण विकास समितिलाई हस्तान्तरण गर्नुपर्ने कार्य नभएको बताए । उपमहानगरपालिकालाई हस्तान्तरण भएपछि सम्बन्धित समितिलाई सञ्चालनका लागि हस्तान्तरण गरिने नगरप्रमुख मीनाकुमारी लामाले जानकारी दिइन् ।

ऐतिहासिक सुरुङ खुला गर्न सकेमा अवलोकनका लागि आन्तरिक एवम् बाह्य पर्यटक आउने समितिका अध्यक्ष भोम्जनले बताए ।



सुरुङको दुवैतर्फका ढोका बन्द भएकाले यहाँ आइपुगेका पर्यटकहरु बाहिरबाटै नियालेर फर्किने गरेको उनले बताएका छन् । तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा सन् १९१७ मा भारतबाट आउने साना सवारी प्रवेशका लागि सुरुङ निर्माण गरिएको थियो ।

चुरेको डाँडा छिचोल्न नेपालका प्रथम ग्राजुएट इन्जिनियर डिल्लीजंग थापाको नेतृत्वमा सुरुङ खनिएको हो । मुलुककै ऐतिहासिक सुरुङको बीच भाग भासिएर अत्यन्त जोखिम अवस्थामा रहेको थियो । ऐतिहासिक महत्वको सुरुङमार्ग परिसरलाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने लक्ष्यसहित यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले सुरुङ पुनः निर्माणको लागि राष्ट्रिय प्रतिस्पर्धात्मक बोलकबोल ठेक्काअनुसार कुल ३ करोड ३६ लाख १३ हजार रुपैयाँमा माउन्टेन इन्फ्रा कम्पनी लिमिटेड काठमाडौंसँग सम्झौता गरेको थियो ।

यही सम्झौता अनुसार सुरुङको चौडाइ साढे २ मिटर र उचाइ ३ फिट हुने गरी पहिलेकै स्वरुपमा पुनःनिर्माण गरिएको छ । हेटौंडा उपमहानगरपालिका-१५ स्थित चुरियामाई मन्दिरसँगै सुरुङमार्ग अवस्थित छ । करिब २२५ मिटर लामो सुरुङ मार्गलाई प्रदेश सरकारले उच्चप्राथमिकतामा राखेर जीर्णोद्धार कार्य गरेको हो । २०७९ वैशाख १९ गतेसम्म १९८ मिटर लम्बाईको सुरुङमार्ग पुनःनिर्माण गर्ने भनिए पनि विविध कारणले निर्धारित समयभन्दा एक वर्षपछि मात्र सुरुङमार्गको काम सकिएको हो ।

सुरुङ सञ्चालनको मोडालिटी बारे छलफल भइरहेको यातायात निर्देशनालयका सूचना अधिकारी हरिप्रसाद ओझाले बताए । सुरुङमार्ग सञ्चालनका लागि स्थानीय तह तथा सञ्चालन समिति निर्माण गरी हस्तान्तरण गर्ने निर्देशनालयको तयारी रहेको छ । निश्चित मापदण्ड तयार गरी सुरुङमार्ग सर्वसाधारणका लागि खुला गरिने उनले बताए । सुरुङमार्गभित्र विद्युतीय लाइट जडान गरिएको छ ।

सुरुङमार्ग तत्कालीन प्रविधिसँगै माटो, इँटा, चुना र सुर्की प्रयोग गरी निर्माण गरिएको छ । ७०० मिटर लम्बाइ, ९ फिट चौडाइ र १० फिट उचाइ रहेको सुरुङमार्गको मालवाहक सवारी 'लहरी' छिर्ने आकारमा निर्माण गरिएको थियो । एक दशकसम्म सुरुङमार्ग हुँदै साना हलुका सवारी साधन आवतजावत गरे । पथलैया-हेटौंडा सडक निर्माण भएपछि यो सुरुङ सञ्चालनमा आउन छाड्यो ।

भीमफेदीबाट काठमाडौं आवतजावत गर्न निर्मित चुरियामाई सुरुङले त्यतिबेला नेपालीको जनजीवनलाई निकै सहज बनाएको थियो । छिमेकी जिल्ला बाराको अमलेखगञ्जलाई मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीसँग जोड्ने सडक निर्माण गर्ने बेला यो सुरुङ निर्माण गरिएको ऐतिहासिक दस्तावेजहरुबाट खुलेको छ । 'हाम्रा राजा क्या अक्किलदारी, ल्याए मोटर चुरेमा भ्वाङ पारी' गीत सुरुङ निर्माणताका स्थानीयले गाउने गरेको पाइन्छ ।

चुरियामाई सुरुङ भएर विश्वविख्यात् भूगर्भविद् डा. टोनी हेगनले आफ्नो सानो गाडी छिराएर भीमफेदीसम्म आइपुगेका थिए । भीमफेदीबाट उनको गाडी बोकेर काठमाडौं लगिएको थियो । टोनी हेगनको 'नेपाल परिचय' पुस्तकमा चुरियाको सुरुङबारेमा पनि उल्लेख गरेका छन् । २४ अक्टोबर १९५० का दिन रक्सौलनाका हुँदै वीरगन्ज-अमलेखगन्जसम्म सानो रेल, अमलेखगञ्जबाट सानो जीपमा भीमफेदी आउने क्रममा चुरियाडाँडाको उकालो चढ्दा देखेको सुरुङलाई आठौं आश्चर्यको रुपमा उनले व्याख्या गरेका थिए ।

# हेटौंडामा बोतलसँग बिरुवा साट्ने अभियान जारी

साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ हेटौंडाका विद्यार्थी युवाले दीगो भविष्यका लागि प्लाष्टिकरहित पृथ्वीको परिकल्पनासहित बोतलसँग विरुवा साट्ने अभियान चलाइरहेका छन् ।

वनविज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पसमा अध्यनरत विद्यार्थीले हरित सहरको परिकल्पना र सफा, स्वच्छ सहरीकरणमार्फत दिगो भविष्य स्थापनाका लागि भन्दै प्लाष्टिकको बोतलसँग बिरुवा साट्ने अभियान थालेका हुन् । क्रियसन नेपाल नामक संस्थाको आयोजनामा हेटौंडा-४ स्थित हुप्राचौरमा प्लाष्टिकको बोतलसँग बिरुवा साट्ने कार्यक्रम भएको थियो । एनवाइसिए हेटौंडा, रोट्याक्ट क्लब अफ हेटौंडा र द क्यान्डिड स्टुडियोको समन्वयमा भएको कार्यक्रममा हेटौंडा-४ का अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यता थियो ।

कार्यक्रममा बोल्दै अध्यक्ष सिग्देलले युवाले अघि सारेको प्लाष्टिकको बोतलसँग बिरुवा साट्ने अभियानले वातावरण जोगाउन नागरिकमा सचेतना फैलाउन मद्दत गर्ने विश्वास व्यक्त गरे । उनले ८ वटा खाली बोतलसँग एउटा बिरुवा साट्ने अभियान फरकढंगको तर, प्रभावकारी लागेको बताए ।




कार्यक्रममा सहभागी रोट्रयाक्ट क्लब अफ हेटौंडाकी अध्यक्ष सुमित्रा लामाले आफूले जम्मा गरेको बोतलसँग बिरुवा साट्न पाउँदा खुशी व्यक्त गरिन् ।

उनले प्रयोगविहिन वस्तु लिएर, वातावरण सुधारमा महत्वपूर्ण भूमिका खेल्ने बिरुवा प्रदान गर्ने अभियान उदाहरणीय रहेको बताइन् । भीएफसी युथ हेटौंडाका भोलेन्टिएर अभिशेक चन्द र प्रतिक्षा पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा युवा, ज्येष्ठ नागरिक, बालबालिका गरी करिव ५५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीबाट करिव ५ सय ओटा प्लाष्टिकका बोतलसँग ९० ओटा बिरुवा साटिएको भीयफसी भोलेन्टिएर सृजना सुबेदीले जानकारी दिइन् ।

कार्यक्रमका लागि डिभिजन वन कार्यालय मकवानपुर र डिभिजन वन कार्यालय राप्ती, मनहरीबाट बिरुवा उपलब्ध भएको र आगामी दिनमा पनि वातावरण जोगाउन सचेताना फैलाउने खालका कार्यक्रम लिएर आउने आयोजक कमिटीका निश्चल भट्टले जानकारी दिए । अभियानअन्तर्गत्‌को कार्यक्रममा युथ समूहका १० जना पदाधिकारीलगायतको सहभागिता थियो ।

# रातोमाटेबाट गाँजासहित भारतीय युवक पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले प्रतिबन्धित लागूऔषध गाँजासहित एक भारतीय नागरिकलाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याएको छ ।

बीआर ०१ बीजे ८४८३ नम्बरको सेन्ट्रो कार रोकेर चेकजाँच गर्ने क्रममा लुकाइ छिपाइ ल्याएको २५ केजी ५ सय ग्राम गाँजासहित भारत, पटनाका २० वर्षीय आदित्य कुमारलाई नियन्त्रणमा लिइएको प्रहरीले जानकारी दिएको छ । हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे चेकपोस्टका प्रहरीले आइतबार पथलैयातर्फ जाँदै गरेको कार चेकजाँचका क्रममा गाँजासहित भारतीय युवक पक्राउ गरेको हो ।

कारका विभिन्न भागमा फल्स बटम बनाएर प्लास्टिकको पाकेटमा प्याक गरी गाँजा लुकाएर ल्याइएको प्रहरीले जानकारी दिएको छ । गाँजा, कार र आदित्यलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद अनुमति लिई थप अनुसन्धान कार्य गरिरहेको प्रहरीले जनाएको छ ।

# मकवानपुरमा थप १४ जनामा डेंगु फेला

साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ मकवानपुरमा पछिल्लो २४ घण्टामा थप १४ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । जिल्लाको हेटौंडा उपमहानगरका १२, बकैया गाउँपालिका एक जना र अन्य जिल्लाका एक जना गरी १४ जनामा डेंगु संक्रमण पुष्टि भएको हो ।

यससँगै जिल्लामा डेंगु संक्रमितको संख्या ४३ जना पुगेको छ । जसमा १३ जना पुरुष र ३० जना महिला रहेका छन् । सो तथ्यांक साउन १ गतेदेखि साउन २० गते आइतबार दिउँसोसम्मको रहेको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । यो अवधिमा जिल्लाको हेटौंडा उपमहानगरमा ९ पुरुष र २६ महिला गरी ३५ जना, मकवानपुरगढी गाउँपालिकाका २ पुरुष र २ महिला गरी ४ जना, मनहरी गाउँपालिकाका एक पुरुष, बकैया गाउँपालिकाका एक पुरुष र एक महिला गरी दुई जना र अन्या जिल्लाका एक महिलामा डेंगु संक्रमण पुष्टि भएको हो । यो अवधिमा डेंगु संक्रमणका कारण कुनैपनि व्यक्तिको निधन नभएको जिल्ला स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

Narayani College /TMMSS
Scholarship Up to 100%
Terms & conditions Apply
+2 NEB COURSES
ADMISSION
OPEN FOR GRADE XI
Science
Hotel Management
Computer Science
Business Studies
Travel & Mountaineering
APPLY NOW
Quick Contact :
Tel: 057-522136 , 9855071876
9855087028, 9849010803
Hetauda-10, Bhutandevi Road



ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७० % बैंकिङ सुविधा

सम्पर्कः
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# प्रदेश प्रमुखको हार्दिकता

बागमतीका प्रदेशप्रमुख यादवचन्द शर्माले आफू बिदाई भएर जाँदैगर्दा नवनियुक्त प्रदेशप्रमुख दीपकप्रकाश देवकोटालाई स्वागत गरेर आफू बाहिरिएका छन् । सम्भवत: बागमती प्रदेशमा मात्र नभई नेपालमै पहिलोपटक प्रदेशप्रमुखको बिदाई र स्वागतले औपचारिकता पाएको हो । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्ने ७ वटा प्रदेशका प्रदेशप्रमुखहरु विगतमा पदमुक्त भएपछि आफ्नै तरिकाले घर फर्किने गरेका थिए । नयाँ प्रदेशप्रमुख आएर आफ्नै हिसाबले काम सुरु गर्ने गरेका थिए । तर, यसपटक बागमती प्रदेशमा भने हार्दिकताका साथ प्रदेशप्रमुखको बिदाई र स्वागत गरियो । पदमुक्त भएका बागमतीका प्रदेशप्रमुख शर्मा शुक्रबार काठमाडौंबाटै आएर नवनियुक्त प्रदेशप्रमुख देवकोटाको स्वागत गरेका छन् । शर्माले हार्दिकताका साथ नयाँ प्रमुखलाई स्वागत गरेर आफू बिदा हुने चाहना राखेका थिए । शुक्रबार नै आएर कार्यक्रम सकेर फर्किएको शर्माको सचिवालयले जनाएको छ । नवनियुक्त प्रदेशप्रमुख देवकोटाले शुक्रबार पदभारग्रहण गरेका छन् ।

बिहीवार मात्रै राष्टपति रामचन्द्र पौडेलमार्फत् सपथग्रहण गरेका देवकोटाले पदभारग्रहरण गरेका हुन् । उनको पदभारग्रहण बारे थाहा पाएपछि शर्मा शुक्रबार नै काठमाडौंबाट हेटौंडा आएका थिए । उनी देवकोटाको स्वागतकै लागि हेटौंडा आएका हुन् । प्रदेशप्रमुखको कार्यालयमा शर्माको बिदाई र देवकोटाको स्वागत कार्यक्रमले भव्यरुप लिएको थियो । नयाँ प्रमुख देवकोटाको उपस्थितमा कर्मचारीले शर्माको बिदाई गरेका हुन् । शर्माले नै देवकोटालाई पदभार ग्रहण गराए । शर्माले आफू बस्दै आएको प्रदेशप्रमुखको कुर्सीमा देवकोटालाई बसाए । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामा, बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकलगायतको उपस्थिति थियो । राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्को सिफारिस अनुसार बुधबार संविधानको धारा १६३ को उपधारा २ बमोजिम देवकोटालाई प्रदेशप्रमुखमा नियुक्त गरेका थिए । नेकपा एमालेबाट प्रदेशप्रमुख बनेका देवकोटा धनगढीका हुन् । देवकोटा बागमती प्रदेशका चौथो प्रदेशप्रमुख बनेका हुन् । २०७२ मा संविधान जारी भएसँगै ०७४ पछि कार्यान्वयनमा आएको नयाँ संरचनाअनुसार प्रदेशप्रमुख नियुक्त हुने गरेका हुन् । बागमतीमा अनुराधा कोइराला पहिलो र विष्णुप्रसाद प्रसाई दोस्रो प्रदेशप्रमुख बनेका थिए । उनीहरुको हार्दिकतासहितको बिदाई र स्वागतमा कुनै औपचारिक कार्यक्रम भएनन् । नेपालमा राजनीतिक समिकरण परिवर्तन भएसँगै सत्तागठबन्धन भन्दा फरक दल निकटका प्रदेशप्रमुख भएमा हटाएर आफ्नालाई नियुक्त गर्ने चलन छ । ५ वर्षीय कार्यकालका लागि नियुक्त हुने गरेका प्रमुखहरु सत्तासमिकरण परिवर्तनको कारण पूरा कार्यकाल बस्न पाएका छैनन् । २०७८ भाद्र ४ गते तत्कालीन कांग्रेस नेतृत्वको सरकारले नेकपा (एकीकृत समाजवादी)बाट शर्मालाई प्रदेश प्रमुखमा नियुक्त गरेको थियो । ३ वर्ष प्रमुखको जिम्मेवारीमा रहेका उनले प्रदेशमा बेलाबखत देखिने राजनीतिक विकृतिलाई रोक्नेसम्मका काम गरे । स्वार्थ बाझिएको विवादित खालका कानुन र अध्यादेश रोकेर शर्माले चर्चा पनि बटुलेका थिए ।

यस अवधिमा शर्माले १८ ओटा विधेयक प्रमाणीकरण गरे । प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण नगरी प्रदेशसभामा सन्देश सहित ७ जेठ २०८० मा फिर्ता गरेका थिए । प्रदेशसभाले यो विधेयक पुन: पेश भएको छैन । शर्माले विवादित चिठ्ठा विधेयकले 'कालो धनलाई सेतो' बनाउन मद्दत पुग्ने सन्देशसहित फिर्ता गरेका हुन् । विवादित विधेयक फिर्ता गरेपछि उनको देशभर चर्चा भएको थियो । शर्माले आफ्नो कार्यकालमा ११ ओटा अध्यादेश जारी गरे । केही प्राविधिक त्रुटिहरुका कारण प्रदेश पोल्ट्री विकास बोर्डको स्थापना सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश उनले जारी नै गरेनन् । अमुक व्यक्तिलाई फाइदा पुग्ने गरी हतारमा अध्यादेश ल्याएको निश्कर्षसहित शर्माले यो अध्यादेश जारी नगरेको जनाइएको छ । त्यो अध्यादेश ल्याउने उनी निकटकै दलका मन्त्री थिए । आफ्नै दलका मन्त्रीले ल्याएको अध्यादेशमा कैफियत देखेपछि शर्माले रोकेको भन्दै फेरि उनको चर्चा भयो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन २२ गते मंगलबार ६ अगष्ट २०२४ । द्वितीया, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३०, सूर्यास्त ६:४७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शुभ नतिजा आउनेछ | तुला | : घरेलु समस्याले सताउनेछ |
| वृष | : दिन रमाइलो हुनेछ | वृश्चिक | : आफन्तले धोका दिन सक्नेछन् |
| मिथुन | : मन खिन्न हुनेछ | धनु | : मनमा उमङ्ग बढ्नेछ |
| कर्कट | : शरीरमा स्फुर्ती बढ्नेछ | मकर | : रमाइलो छोटो यात्रा हुनेछ |
| सिंह | : घरायसी मेलमिलाप हुनेछ | कुम्भ | : काम गर्ने आत्मबल बढ्नेछ |
| कन्या | : पढाइलेखाइमा सफलता मिल्नेछ | मीन | : अरुको विश्वास जित्न सकिन्छ |

# परराष्ट्र नीतिमा प्रचण्ड सरकार हिंडेको बाटो



डा. रूपक सापकोटा

प्रचण्डले सरकारको नेतृत्व गर्दैगर्दा छिमेक सहितको अन्तर्राष्ट्रिय शक्ति राष्ट्रसँग कस्तो सम्बन्ध राख्ला भन्ने सर्वत्र जिज्ञासा, केही आशंका र संशयहरू पनि देखिन्थे । अझ बढी, विश्व-राजनीतिमा देखिएको शक्तिराष्ट्र बीचको कटु प्रतिस्पर्धा र क्षेत्रीय शक्तिहरूका बीचमा देखिएको तिक्तताका बीच नेपाल कतै भूराजनीतिक चंगुलमा पर्छ कि भन्ने आशंका व्याप्त थियो ।

प्रचण्ड नेतृत्वको सरकारको १८ महिनाका अवधिमा छिमेक सहित अन्तर्राष्ट्रिय शक्तिराष्ट्रहरूसँगको सम्बन्ध तुलनात्मक रूपमा कम उतारचढावपूर्ण र बढी सन्तुलित रह्यो । सरकारको नेतृत्व सम्हाल्दै गर्दा, प्रचण्डले 'नेपालमुखी' परराष्ट्र नीतिको अवलम्बन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । त्यही अनुसार उनले आफ्नो तेस्रो कार्यकालमा छिमेक सहित सबै शक्तिराष्ट्रसँग असंलग्नता तथा पञ्चशीलको मान्यता अनुरूप स्वतन्त्र र सन्तुलित सम्बन्ध राख्नेदेखि महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको चासो, सरोकार र मुद्दालाई सशक्त र प्रभावकारी रूपमा उठाउन सफल भएका छन् । यसले आगामी दिनमा छिमेक सहित सबै शक्तिराष्ट्रहरूसँग अर्थ-राजनीतिक दृष्टिकोणमा आधारित रहेर सहकार्य अगाडि बढाउनका लागि विश्वासको वातावरण निर्माण भएको छ ।

### भूराजनीतिक प्रतिस्पर्धामा तटस्थता

प्रचण्डले सरकारको नेतृत्व सम्हाल्दा शक्तिराष्ट्रहरू बीच भूराजनीतिक प्रतिस्पर्धा चुलिंदो थियो । यसबीचमा छिमेक सहित शक्तिराष्ट्रहरूबाट नेपालमा तारन्तार हाइप्रोफाइल भ्रमणहरू भए । ती भ्रमणहरूका उद्देश्य प्रकट वा अप्रकट रूपमा धेरै हदसम्म प्रष्ट थिए । विश्व राजनीतिमा भएको शक्ति सन्तुलनको फेरबदल र विकसित नयाँ राजनीतिक ध्रुवीकरणमा नेपाललाई आफ्नो पक्षमा पार्ने प्रयत्न छिपेको थिएन । कैयौं भूराजनीतिक द्वन्द्वका 'फ्ल्यास प्वाइन्ट'हरू हाम्रो बलेसीमा नै मञ्चन भइरहेका थिए । आफ्नो रणनीतिक र सामरिक स्वार्थका लागि प्रत्यक्ष-अप्रत्यक्ष प्रतिस्पर्धा गरिरहेका छिमेक सहित शक्तिराष्ट्रहरूसँगको कूटनीतिक सन्तुलन कायम गर्नु नेपालका लागि सबैभन्दा चुनौतीपूर्ण रह्यो ।

नेपालको परराष्ट्र नीति असंलग्नता र पञ्चशीलका सिद्धान्तको आधारशिलामा अडिएको छ । पछिल्लो समय संसद्ले अमिरिकी परियोजना एमसीसी स्वीकार गर्दै गर्दा व्याख्यात्मक टिप्पणी सहितको प्रतिबद्धताको जगमा पारित गऱ्यो । यसरी नेपालले विश्वराजनीतिमा देखिएको भूराजनीतिक प्रतिस्पर्धा र सामरिक द्वन्द्वमा आफूलाई निरपेक्ष राख्यो । र, यसबीचमा अर्थ-राजनीतिक दृष्टिकोणमा आधारित अन्तर्राष्ट्रिय सम्बन्धलाई महत्व दियो ।

### "छिमेक प्रथम" नीतिमा प्रधानता

प्रचण्ड नेतृत्वको सरकारले प्रत्यक्ष सीमा जोडिएका भारत र चीनसँग सम्बन्धलाई उच्च महत्व दिएर प्राथमिकतामा राख्यो । फलत: सार्वभौम समानता र आपसी हितका आधारमा दुवै निकटतम छिमेकसँग हार्दिक, मित्रवत् र सौहार्दपूर्ण सम्बन्ध विकास गर्न प्रयत्नशील रह्यो । मित्रराष्ट्र भारत र चीनको भ्रमण र त्यस क्रममा भएका सम्झौताहरूको उत्साहजनक कार्यान्वयनले छिमेक प्रथम नीतिलाई थप बढावा दिएको छ । मित्रराष्ट्र भारतको भ्रमणका क्रममा दीर्घकालीन विद्युत् व्यापार सम्झौता सहित ७ वटा सम्झौता तथा समझदारीपत्रमा हस्ताक्षर र त्यसको कार्यान्वयनमा भएको उत्साहजनक प्रगतिले नेपाल-भारत सम्बन्धमा नयाँ गति पैदा भएको छ ।

त्यसैगरी, मित्रराष्ट्र चीनको भ्रमणका क्रम भएका १२ वटा समझदारी अनुसार उत्तर तर्फका १४ वटा नाकाहरूको पूर्ण सञ्चालनमा आए भने समझदारी अनुरूपका आर्थिक परियोजनाहरू अगाडि बढेका छन् । साथै, लामो समयदेखि छलफलमा रहेको बीआरआई फ्रेमवर्क अन्तर्गत आर्थिक परियोजनाहरू अगाडि बढाउने समझदारी भएको छ । यसका लागि तत्कालीन सरकारको मन्त्रिपरिषद् बैठकले बीआरआई कार्यान्वयन योजना सम्झौतामा हस्ताक्षर गर्न सैद्धान्तिक सहमति समेत प्रदान गरेको छ ।

### ऊर्जा सहकार्य : 'सिग्नेचर इनिसिएटिभ'

नेपालमा विद्युत् उत्पादन र व्यापारको अपार सम्भावनालाई सार्थकता दिन प्रचण्ड नेतृत्व सरकारले आफ्नो 'सिग्नेचर इनिसिएटिभ' का रूपमा नेपाल-भारत, नेपाल-चीन र नेपाल-बंगलादेश बीच ऊर्जा सहकार्यका लागि आवश्यक कानुनी एवं भौतिक पूर्वाधार निर्माणको कार्यलाई जोड दियो । कार्यकालको सुरुको भारत भ्रमणका क्रममा भएको समझदारी अनुसार नेपाल र भारतका बीचमा नेपालबाट आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् भारततर्फ निर्यात गर्ने ऐतिहासिक महत्वको दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ ।

त्यस्तै, मित्रराष्ट्र चीनको भ्रमणका क्रममा पनि सीमापार विद्युत् ट्रान्समिसन लाइन निर्माण सम्बन्धी महत्वपूर्ण सम्झौतामा हस्ताक्षर भयो र हाल त्यस सम्बन्धी थप काम अगाडि बढिसकेको छ । त्यसैगरी, अर्को छिमेकी, बंगालदेशसँग विद्युत् व्यापार सम्बन्धी महत्वपूर्ण सम्झौता भएसँगै नेपालबाट बंगलादेशमा विद्युत् निर्यात हुने प्रक्रिया चाँडै सुरु हुँदैछ । हाललाई ४० मेगावाट र निकट भविष्यमा ५०० मेगावाटसम्मको विद्युत् निर्यातको लागि भारत आफ्नो भौतिक पूर्वाधार (पावर ग्रिड) प्रयोग गर्न दिन तयार भएको छ ।

नेपाल, भारत र बाङ्लादेशबीच त्रिपक्षीय विद्युत् आदान-प्रदानको यस्तो सहमति नेपालको विद्युत् व्यापारका लागि कोसेढुङ्गा बनेको छ । यसलाई तत्कालीन सरकारको सफलताका रूपमा मात्र हेर्नुहुँदैन, विद्युत् व्यापारबाट नेपालको आर्थिक विकास र समृद्धिको यात्रामा महत्वपूर्ण योगदान पुग्ने कार्यको थालनी भएको रूपमा बुझ्नुपर्छ । केही समय अगाडिसम्म पनि नेपालको प्रत्यक्ष सिमाना नजोडिएको बंगलादेशसँग ऊर्जा सहकार्यको कल्पना समेत गर्न सकिँदैनथ्यो । तर सुझबुझपूर्ण कूटनीतिका आधारमा भारतलाई समेत विश्वासमा लिएर क्षेत्रीय सहकार्यको ढोका खोल्न सक्नु आफैँमा नवीनतम पहलकदमी हो । यसले नेपालको ऊर्जा संक्रमणको प्रक्रिया र ऊर्जा व्यापारको क्षेत्रमा बहुआयामिक प्रभाव पार्नेछ । यसबाट विद्युत् ऊर्जाको आयात निर्यातका लागि कुनै अमूक मुलुकमाथिको निर्भरता समेत अन्त्य भएको छ र आगामी दिन नेपालबाट निर्यात हुने ऊर्जामा प्रतिस्पर्धात्मक मूल्य निर्धारणका लागि समेत यसले सहयोग पुग्नेछ ।

### विश्व मञ्चहरूमा नेपालले दिएको सन्देश

प्रचण्ड कार्यकालमा नेपालले महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चहरूमा बलियो र सशक्त उपस्थिति जनायो । यसबीचमा प्रचण्डलाई प्रधानमन्त्रीको जिम्मेवारीमा नेपालको प्रतिनिधित्व गर्दै इटालीको रोममा भएको विश्व खाद्य सम्मेलन, संयुक्त राष्ट्रसंघको ६८औं महासभा, दुबईमा आयोजना भएको कोप २८, युगान्डामा भएको असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरूको शिखर सम्मेलन (नाम) लगायतका महत्वपूर्ण बहुपक्षीय फोरमहरूलाई सम्बोधन गर्ने अवसर प्राप्त भएको थियो । इटालीको रोममा भएको विश्व खाद्य सम्मेलनमा नेपालले खाद्य सुरक्षा र नेपाल जस्ता अल्पविकसित मुलुकहरूको समस्या र समाधान बारेमा प्रस्तुति केन्द्रित गऱ्यो । संयुक्त राष्ट्रसंघको ६८औं महासभामा नेपालले विश्व शान्ति र स्थायित्व कायम गर्नका लागि बहुपक्षीय कूटनीतिप्रति नेपालको पूर्ण प्रतिबद्धता व्यक्त गर्दै विश्व समुदायले भोगिरहेको चुनौतीलाई समाधानका लागि नेतृत्वदायी भूमिका खेल्न संयुक्त राष्ट्रसंघको समयानुकूल सुधार तथा सुदृढीकरण गर्नुपर्नेमा जोड दियो । 'नाम'को शिखर सम्मेलनमा नेपालको उच्चस्तरीय सहभागिताबाट नेपाल असंलग्न परराष्ट्र नीतिमा प्रतिबद्ध रहेको बलियो सन्देश प्रवाह भयो ।

गत साल अक्टोबरको अन्त्यतिर संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपालको चारदिने ऐतिहासिक भ्रमण गरे । उनको भ्रमणले नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तन, विकासशील मुलुकको लक्ष्य हासिल गर्ने जस्ता मुद्दा र चासोलाई अन्तर्राष्ट्रियकरण गर्ने कार्यलाई सहयोग पुगेको छ ।

### जलवायु कूटनीतिको नयाँ मार्गदर्शन

गएको डेढ एक वर्षमा नेपालले महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चहरूमा बलियो उपस्थिति मात्र जनाएन, नेपालका मुद्दाहरूलाई सशक्त रूपमा उठाउँदै त्यसलाई विश्वमञ्चमा स्थापित समेत गर्न सफल भयो । संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजना भएको जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसैंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको २८औं सम्मेलन कोप २८ को वर्ल्ड क्लाइमेट एक्सन समिटमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै तत्कालीन प्रधानमन्त्री प्रचण्डले २०८० मंसिर १३ देखि १७ गतेसम्म सहभागी भए । त्यहाँ उनले विभिन्न सत्रहरूलाई सम्बोधन गरे ।

उक्त सम्मेलनको अवसरमा नेपालले आयोजना गरेको 'हाइ-लेभल राउण्डटेबल अन कल अफ द माउन्टेन्स' को अध्यक्षता गर्दै प्रचण्डले जलवायु परिवर्तनबाट नेपाल जस्ता पर्वतीय मुलुकहरूले भोग्नुपरेका समस्यालाई अन्तर्राष्ट्रिय समुदायका सामु प्रस्तुत गरे । जलवायु परिवर्तनका असरहरू कम गर्न नेपालले चालेका कदमहरू र कोप २८ मा नेपालका प्रमुख एजेण्डा र प्राथमिकताहरू प्रस्तुत भयो ।

जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न जलवायु वित्तलाई 'जलवायु न्याय'को रूपमा उपलब्ध गराउन विश्व समुदायको ध्यान आकृष्ट गर्दै नेपालले सशक्त दाबी प्रस्तुत गरेको थियो । उक्त उच्चस्तरीय सत्रमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस समेत सहभागी भए । उनले जलवायु परिवर्तनबाट नेपालको हिमाली क्षेत्रमा परेको दुष्प्रभाव र त्यसबाट नेपाल लगायत अन्य देशको समग्र विकास तथा मानव सभ्यतामाथि गम्भीर चुनौती आइपरेको प्रसङ्ग उठाए । साथै, विश्व समुदायको साझा पहलबाट समाधानको बाटो पहिल्याउनुपर्नेमा जोड दिए । यसबाट नेपालका जलवायु सम्बन्धी एजेण्डाहरू विश्वसामु मुखरित गराउन महत्वपूर्ण योगदान पुगेको छ ।

समग्रमा, जलवायु न्याय र अधिकारका पक्षमा नेपालले खेलेको नेतृत्वदायी भूमिकाका कारण नेपाल हिमाली क्षेत्रका देशहरूले जलवायु न्यायका लागि पैरवी गर्ने नेता देशका रूपमा स्थापित हुन पुगेको छ । हानि र नोक्सानी कोष स्थापना कोप २८ को एक महत्वपूर्ण उपलब्धि हो, जसको स्थापनामा नेपालको समेत भूमिका रहेको छ । आगामी दिनमा अन्तर्राष्ट्रिय जलवायु सम्बन्धी स्थापित वित्तीय संयन्त्रहरूबाट देशभित्र पूँजीगत लाभ भित्र्याउनका लागि 'जलवायु कूटनीति'लाई थप प्रभावकारी रूपमा अगाडि बढाउन आवश्यक छ । जलवायु अनुकूलन र भविष्यमा निर्माण गर्ने जलवायु परिवर्तनमैत्री भौतिक संरचना निर्माणका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय पूँजी परिचालनका लागि हाम्रो राष्ट्रिय क्षमता अभिवृद्धि, र त्यसमा पनि मुख्यत: विज्ञतामा आधारित रहेर मध्यस्थता गर्ने क्षमता वृद्धिमा नेपालले ध्यान दिनुपर्छ ।

### अर्थ-राजनीतिको विविधीकरण

विश्व-राजनीतिमा जारी भूराजनीतिक द्वन्द्व, पोस्ट कोभिडपछि आर्थिक शिथिलताको स्थितिले विश्वका अधिकांश मुलुक मूलत: आफ्नै अर्थतन्त्र निर्माण र राष्ट्रिय सुरक्षामा केन्द्रित छन् । रसिया-युक्रेन युद्ध पश्चात् पश्चिमी मुलुकहरूको प्राथमिकता बदलिएको छ । नेपालले अहिलेको नयाँ विश्व ध्रुवीकरणमा कुनै पनि पक्षमा आफूलाई उभ्याउन चाहेन, बरु सदैव असंलग्न र तटस्थ राख्दै आयो । कुनै पनि शक्तिराष्ट्रको रणनीतिक साझेदार हुन नचाहेका कारण पनि नेपालले आर्थिक विकास र समृद्धिका लागि आवश्यक पर्ने वैदेशिक पूँजी परिचालनमा अपेक्षाकृत सफलता हासिल हुन सकेन । नयाँ ढंगबाट अन्तर्राष्ट्रिय आर्थिक सहकार्यलाई बढावा दिनका लागि नेपालमा ठूलो रणनीतिक स्वार्थ नभएका तर पूँजी र प्रविधिमा अब्बल मझौला चरित्रका शक्तिराष्ट्रहरूसँग सहकार्य गर्ने नीतिलाई जोड दिएको थियो । फलत: यसबीचमा नेपालले बेलायत, जापान, दक्षिण कोरिया जस्ता राष्ट्रहरूसँगको सहकार्यलाई महत्व दियो । उदाहरणका लागि, कोरियन कम्पनीका उत्पादनहरू हुन्डाई र सामसुङको नेपालमा उत्पादनको लागि सहजीकरण र सो अनुकूलको वातावरण निर्माण गर्न राज्यका तर्फबाट भूमिका निर्वाह भएको छ ।

त्यसैगरी, अरब राष्ट्रहरूसँगको सम्बन्धलाई पनि नयाँ ढंगबाट परिभाषित गर्ने प्रयत्न भएको छ । कतारी नरेशको नेपाल भ्रमण र त्यस क्रममा भएको श्रम तथा आर्थिक सहकार्य सहितका सम्झौताहरूले पश्चिम एशिया अर्थात् अरब क्षेत्रसँगको सम्बन्धलाई श्रम गन्तव्यका अलावा लगानी सम्भाव्य क्षेत्रका रूपमा पनि हेर्न थालिएको छ । जीवाष्म इन्धनमा धनी राष्ट्र भएका अरब मुलुकहरूले नेपालको जलविद्युत्मा लगानीको रुचिलाई अर्थपूर्ण रूपमा हेर्नुपर्छ ।

यसले नेपालसँग विद्यमान प्राकृतिक सम्पदाको भविष्य छ भन्ने सन्देश प्रवाह भएको छ । त्यसले पनि के देखाउँछ भने अरब मुलुकहरूले नयाँ लगानीका क्षेत्रहरू खोजिरहेका छन्, र उनीहरूको नजरमा नेपाल पनि सम्भावित लगानी क्षेत्र हुनसक्छ । यसबाट भूराजनीतिक स्वार्थ नजोडिएको अरब क्षेत्रलाई 'तटस्थ लगानी'का रूपमा आकर्षित गर्न सक्ने सम्भावना उद्घाटित भएको छ ।

### ग्रीन-पिसको प्रस्तावना

विश्वमा जारी नयाँ र पुराना भूराजनीतिक द्वन्द्वमा नेपाल तानिने सभावना विद्यमान छ । नेपालको एजेण्डा र मुद्दाहरू विश्वसामु मुखर भएका छन् । माथि उल्लिखित अन्तरवस्तुका आधारमा पनि ग्रीन-पिस प्रस्तावको लागि प्रस्तावना तयार भएको छ । नेपालले सैन्य एवं सामरिक मुद्दामा असंलग्न रहने, विश्वले भोगिरहेका साझा एवं जल्दाबल्दा मुद्दामा हातेमालो गर्ने र आर्थिक विकासका मुद्दामा सहकार्यको नीतिलाई अँगाल्न जरूरी छ ।

नेपालको शान्ति प्रक्रिया विश्वमै उदाहरणीय छ । अन्तर्राष्ट्रिय फोरमहरूमा नेपाल एक शान्तिप्रिय देशको पहिचान सहित स्थापित हुन थालेको छ । अहिलेको सन्दर्भमा अलग पहिचान र नयाँ संकथन (न्यारेटिभ) पस्कन जरूरी छ ताकि विश्व समुदायलाई नेपालप्रति आकर्षित गर्न सकियोस्, नेपालको आत्मसम्मान वृद्धि गरोस् । परराष्ट्र नीतिमा देखिएको नीतिगत रिक्ततालाई अन्त्य गर्दै ग्रीन-पिसको नयाँ प्रस्तावका साथ छिमेक सहित विश्व शक्तिराष्ट्रसँग अन्तर्राष्ट्रिय सम्बन्धलाई थप मजबुत बनाउने विश्व दृष्टिकोण विश्वसामु लैजाने आधार तयार भएको छ ।

अन्त्यमाह विश्व व्यवस्था बहुध्रुवतर्फ अग्रसर भइरहेको छ । आगामी दशक शक्तिराष्ट्रहरू बीचको अन्तविरोधले युद्ध र शान्ति, समृद्धि र सुरक्षा अनि सहयोग र प्रतिस्पर्धाका आधारभूत विषयलाई गहिरो प्रभाव पार्नेछ । नेपाल सदैव आफैंमा बहुपक्षीय कूटनीतिलाई प्रधानता दिने मुलुकमा पर्छ । सार्कलाई सक्रिय बनाउनका लागि नेपालका तर्फबाट प्रयत्न नभएका होइनन् तर यस क्षेत्रका मुख्य शक्ति राष्ट्रबीचको असमझदारी र अरुचिका कारण यस प्रक्रियाले सार्थकता पाउन सकेन । आगामी दिनमा सार्क पुन: सक्रिय भइहाल्छ भन्न सकिँदैन ।

विश्व-राजनीतिमा विकसित नयाँ शक्ति सन्तुलनसँगै साना एवं मझौला चरित्रका अर्थतन्त्र भएका मुलुकहरू 'ग्लोबल साउथ'का देशहरूले नेतृत्व गरेको 'ब्रिक्स' संरचनामा सहभागी हुन आतुरता देखाइरहेका छन् । प्रचण्ड नेतृत्वको सरकारले ब्रिक्समा नेपालको सहभागीबाट के कस्ता लाभ लिन सक्छ भनी अध्ययन सुरु गरेको सन्दर्भमा ब्रिक्समा औपचारिक रूपमा सहभागी हुनका लागि नेपालले प्रक्रिया अगाडि बढाउनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# आवश्यकता गम्भीर आत्मसमीक्षाको

रञ्जित तामाङ

अहिलेको विश्व राजनीति, विज्ञान र प्रविधिको विकास, आम जनतामा प्रविधिको पहुँचलगायत सबै विषयलाई हेर्दा परम्परागत राजनीतिक दलको पक्षमा उभिने स्थिति छैन । एजेण्डा के छ ? व्यवहार के गरेको छ ? भन्ने कुरालाई जनताले मानक बनाउने भएकाले हिजोका राजनीतिक दलले नेतृत्व लिन सक्दैन । आजका जनता विचार वा उधारोको पक्षमा छैनन्, तत्कालीन मुद्दामा को खरो रूपमा उत्रिन्छ भन्ने विषय महत्त्वपूर्ण छ । उनीहरूमा राजनीतिक दल र नेतृत्व ठिक भएन भन्ने छ । त्यो चाहे कांग्रेस होस्, चाहे एमाले होस् वा चाहे माओवादीकै हकमा किन नहोस् ।

तर, देशको नेतृत्व गर्ने राजनीतिक दलले नै हो । सुशासन, सामाजिक न्याय, समृद्धि, ज्ञान, विज्ञान, रोजगारको पक्षमा दृढ रूपमा माओवादी उभिएको छ । पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारको भ्रष्टाचार विरोधी आन्दोलनले आत्तिएर अनैतिक पृष्ठभूमिबाट नयाँ समीकरण बन्ने स्थिति बनेको जनताले विश्वास गरेका छन् । यसैलाई संगठित गरेर जाँदा ०८४ को निर्वाचनमा माओवादीप्रति जनता जाग्ने देखिन्छ । सरकारमा लामो समय बसियो तर पार्टी तेस्रो भयो । माओवादी नेतृत्वको सरकारले गरेको पछिल्लो कामले जनतामा सकारात्मक प्रभाव परेको छ । यसलाई नै संगठित गरेर ०८४ को निर्वाचनको तयारी गर्दा पार्टीलाई राम्रै हुन्छ ।

यसका लागि पार्टीलाई बलियो बनाउनुपऱ्यो । पार्टीभित्रका फरक विचारलाई एकताबद्ध गर्नुपऱ्यो । आन्तरिक अन्तर्विरोधलाई मसिनो गरी केलाएर हल गर्नुपऱ्यो । नेताहरूको योग्यता र क्षमता अनुसार जिम्मेवारी दिनुपऱ्यो । नेताहरूको कार्यविभाजन र कार्यविन्यास गर्नुपऱ्यो । एजेण्डा र मुद्दा मिल्नेहरू खासगरी समाजवादी मोर्चालाई कामकाजी बनाउनुपऱ्यो ।

मोर्चालाई बैठक बसेर समय कटाउने मात्र गर्नुभएन । मोर्चा गठनको औचित्य पुष्टि गर्न सक्नुपर्छ । ०८४ सम्म लम्बे अभियानमा हिँड्नु पऱ्यो । जनताले सुझाव दिन चाहेका छन्, गुनासा सुनाउन र आलोचना गर्न चाहेका छन् । पार्टीलाई बलियो बनाउन, संगठन विस्तार गर्न, हिमाल- पहाड र तराईमा अभियान चलाउनुपर्छ । यति भएमा माओवादी जाग्छ ।

### वैचारिक र एजेण्डाको हिसाबले माओवादी नै अग्रगामी

वैचारिक र एजेण्डाको हिसाबले पनि माओवादी अग्रगामी छ । आजको दिनमा एमाले वामपन्थी हो कि होइन भनेर सैद्धान्तिक बहस भएको छ । एमाले किन दलालसँग उभिएको छ ? वामपन्थी एलायन्सभन्दा विपरीत किन उभिएको छ ? यसबारे सैद्धान्तिक बहस खुलमखुला र मानिसले अनुभूति हुने ठाउँमा पुग्यो ।

अहिले बनेको केपी ओली नेतृत्वको सरकारबाट एमालेको वर्ग के हो भन्ने छर्लङ्ग देखिरहेको छ । मदन भण्डारीको जबज लुकाउने खालको समीकरण बनाएर त्यस प्रकारको वर्गको संरक्षणमा जाने, जुन वर्गीय धरातल हो त्यसलाई लत्त्याएर दलालहरूको क्याम्पमा उभिने-एमाले वामपन्थी हो कि होइन यसमा सैद्धान्तिक बहस गर्नुपर्ने देखिन्छ । माओवादी पनि वामपन्थी चरित्रको छ कि छैन बहस गर्नुपर्छ तर तुलनात्मक हिसाबमा एमालेभन्दा माओवादी नै वामपन्थी विचारको पक्षपोषक शक्ति हो भन्ने कुरा देखियो । माओवादी र एमालेभित्र पनि वामपन्थी विचारलाई रोक्नेसँग वैचारिक बहस चलाएर जाँदा ०८४ मा राजनीतिक, वैचारिक, सांगठनिक, एजेण्डागत तयारी पुग्छ ।

### माओवादीले गम्भीर आत्मसमीक्षा गर्नुपर्छ

माओवादीले आ्ना कमजोरीको गम्भीर समीक्षा, आत्मस्वीकारोक्तिसहित जनतामा जानुपर्छ । के कारण हामी कमजोरी भयौं ? यद्यपि संसदीय राजनीतिको हामी कच्चा खेलाडी नै थियौं, बुझेनौं । पछिल्लो सबै घटनाक्रम जनताले बुझ्ने गरी परिवेश तयार भएको छ । आज यी सबै उपलब्धिहरू माओवादीले ल्याउँदा-ल्याउँदै पनि लाभ कांग्रेस र एमालेले लिए । कांग्रेस-एमाले समीकरण देशको हितमा छैन । यसले जनतालाई राम्रो शासन व्यवस्था दिन सक्दैन । जनताले सिधै देख्ने र हामीले बुझाउन सक्ने गरी अहिले राम्रो संयोग भएको छ । यी कुरा जनतालाई बुझाएर जान सकियो भने माओवादीलाई अवसर छ । भ्रष्टाचार विरोधी अभियान चलाउन सकियो भने राम्रो हुन्छ । जनताले सुशासन चाहेका छन् । समृद्धिको सुरुवात नै त्यहाँबाट हुन्छ । अहिले सत्य उठ्न नपाउँदै असत्यले सत्यको लुगा लगाएर संसार भ्रमण गरे जस्तो भयो ।

*(साभार: रातोपाटी)*

# हार्दिक बधाई तथा शुभकामना

2055 HETAUDA ACADEMY 1998
EDUCATION IS THE REAL TREASURE

25 Years of Excellence in Education

Hetauda Academy

मकवानपुर जिल्लाकै एक मात्र 'क' वर्गको विद्यालय हेटौँडा एकेडेमी आवासीय मा.वि., हेटौँडा उपमहानगरपालिका संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि २०७९ को दफा ३ को उपदफा १ बमोजिम विद्यालयको वर्गीकरण गर्दा नगर शिक्षा समिति, हेटौँडा उपमहानगरपालिकाको २०८१/०४/१० गतेको निर्णय अनुसार पुनः 'क' वर्गमा वर्गीकृत हुन सफल भएकोमा हेटौँडा एकेडेमी परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दै भविष्यमा पनि गुणस्तरीय शिक्षा प्रदान गर्ने सत्कर्ममा अझ उच्च स्तरको सफलता मिलोस् भन्ने शुभेच्छा व्यक्त गर्दछौँ ।

प्रो. कृष्ण भोलन
**कृष्ण तरकारी पसल**
हेटौंडा, मकवानपुर

प्रो. सुन्दर राना मगर
**सुन्दर तरकारी पसल**
हेटौंडा, मकवानपुर

प्रो. कृष्ण बानियाँ
**कृतिका सब्जी भण्डार**
हेटौंडा, मकवानपुर

प्रो. कृष्ण अग्रवाल
**जमादार फुड्स प्रा.लि.**
हेटौंडा, मकवानपुर

प्रो. मुकुन्द काफ्ले
**राधा कृष्ण हार्डवयर**
हेटौंडा, मकवानपुर

प्रो. जेकी केशरी
**जेकीको किराना पसल**
हेटौंडा, मकवानपुर

प्रो. राम गुरुङ
**न्यू ब्रदर्स हार्डवयर**
हेटौंडा, मकवानपुर

प्रो. इन्द्र नेपाल
**न्यू प्रयास छापाखाना**
हेटौंडा, मकवानपुर

प्रो. रमेश सिंघल
**न्यू सिंघल स्टोर्स**
हेटौंडा, मकवानपुर

प्रो. विपुल गुरुङ
**आयुषा टेड्रिङ्ग कर्न्सन**
हेटौंडा, मकवानपुर

प्रो. विरेन्द्रलाल श्रेष्ठ
**वि एण्ड वि अटो टेर्ड्स**
हेटौंडा, मकवानपुर

प्रो. राम प्रसाद न्यौपाने
**न्यू सजावट एण्ड सप्लायर्स**
हेटौंडा, मकवानपुर

# मनहरीमा सामाजिक सुरक्षाभत्ता नवीकरण शिविर

साझाकुरा संवाददाता



हेटौंडा, २० साउन/ मकवानपुरको पश्चिमीक्षेत्रमा पर्ने मनहरी गाउँपालिका १ नम्बर वडा कार्यालयले सामाजिक सुरक्षाभत्ता नवीकरण शिविर संचालन गरिरहेको छ ।

वडाले सेवाग्राही र असक्त नागरिकको सहजताको लागि वडाभित्र सुरक्षाभत्ता नवीकरण शिविर संचालन गरेको वडाध्यक्ष शिवप्रसाद खनालले जानकारी दिए । वडाध्यक्ष खनालका अनुसार, साउन १५ गतेदेखि संचालन गरिएको ६ दिने शिविर भोलि साउन २१ गते सोमबार सकिनेछ । उनले शिविर बिहानको समयमा मात्रै हुने गरेको बताए ।

वडाका अन्य सेवाग्राहीलाई असर नपर्ने गरी बिहान ७ बजेदेखि १० बजेसम्म शिविर संचालन भइरहेको र १० बजेपछि कार्यालयबाट अन्य सेवा दिइरहेको वडाध्यक्ष खनालले बताए ।

हालसम्म वडाको स्कुल गोगनपानी, झुल्यान गोगनपानी, चकरी, मकरी कृष्ण मन्दिर, मकरी राधाकृष्ण मन्दिरमा शिविरको आयोजना गरिएको १ नम्बर वडासचिव पुजन न्यौपानेले बताए । भोलि सोमबार भने मकरी पर्तामा शिविरको आयोजना गरिने वडासचिव न्यौपानेले बताए । उनका अनुसार, वडाका ४१४ जनालाई सेवा दिने लक्ष्य रहेको शिविरबाट हालसम्म २६८ जनाले सेवा लिएका छन् ।

वडासचिव न्यौपानेले शिविरबाट सेवा लिन छुटेका नागरिकले वडा कार्यालयबाटै सेवा लिन सकिने बताए । पछिल्लो समयमा यो वडाले असक्त, अपाङ्गता नागरिकलाई लक्षित गरी सामाजिक सुरक्षाभत्ता शिविर, सामाजिक भत्ता नवीकरण शिविर, स्वास्थ्यशिविर, आँखा परीक्षण शिविर र राष्ट्रिय परिचयपत्र बनाउने शिविर संचालन गर्दै आएको छ । वडाले शिक्षा अहिलेको आश्यकता भन्ने नाराका साथ शिक्षामा पनि पहुँच बढाएको छ ।

# नयाँ गठबन्धन देशमा स्थायित्वका लागि बन्यो: थपलिया

साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले स्थायित्वको लागि वर्तमान गठबन्धन बनेको बताएका छन् ।

स्वतन्त्र विद्यार्थी युनियन हेटौंडा क्याम्पसद्वारा आयोजित फोटोग्राफी तालिम र कार्यशालाको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रममा बोल्दै निवर्तमान आर्थिक मामिला तथा योजनामन्त्री नेता थपलियाले स्थायी सरकार बनाएर जनताको विश्वास जितेर काम गर्ने बताए ।

बर्तमान सरकारले स्वदेशमा रोजगार पाउने वातावरणको सुरुवात गर्दै लैजाने उनको भनाई थियो । ७ दिनसम्म भएको तालिममा ७८ जना सहभागी थिए ।

प्रदेश सरकारले स्वरोजगार बन्न अभिप्रेरित गर्नेगरी बजेट छुट्याएको उनले बताए । नेता थपलियाले बिदेश जाने क्रम बढीरहेकोले यसको न्यूनीकरण गर्नेतर्फ सरकार उन्मुख रहेको बताए । उनले फोटोग्राफी तालिमलाई सार्थक बनाउने गरी उपयोग गर्न पनि सुझाव दिए ।

स्वतन्त्र विद्यार्थी युनियन हेटौंडा क्याम्पसका अध्यक्ष अभि मैनालीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा क्याम्पसका प्रमुख देवीराम लामा, गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका अध्यक्ष आरती पाठक, नेपाल रेडक्रस सोसाइटी मकवानपुरका मन्त्री सुमित्रा काफ्ले, पत्रकार सुरेश श्रेष्ठ, जिल्ला युवा समितिका अध्यक्ष शिबहरि दाहाल, विद्यार्थी नेता आकाश अधिकारीलगायतले बोलेका थिए ।

# हेटौंडाका रिजनसहित २२ क्रिकेटरलाई बन्द प्रशिक्षणमा बोलाइयो



साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ नेपाल क्रिकेट संघ (क्यान)ले आइसिसी विश्वकप लिग-२ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय सिरिजका लागि बन्द प्रशिक्षणमा सहभागी हुने नेपाली खेलाडीको नाम घोषणा गरेको छ ।

आगामी सेप्टेम्बरमा क्यानडामा त्रिकोणात्मक एकदिवसीय सिरिज हुँदैछ । क्यानले हेटौंडाका फाष्ट बलर रिजन ढकालसमेत २२ जना खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको हो । कप्तान रोहितकुमार पौडेल, कुशल भुर्तेल, आसिफ शेख, अनिल साह, देव खनाल, भीम सार्की, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, अर्जुन साउद र सोमपाल कामीलाई बन्द प्रशिक्षणमा बोलाइएको हो ।

यस्तै करण केसी, गुल्सन झा, कमलसिंह ऐरी, रिजन ढकाल, सन्दीप लामिछाने, ललित राजवंशी, सूर्य तामाङ, बसिर अहमद, आकाश चन्द, सागर ढकाल र सन्दीप जोरा पनि टोलीमा छन् । बागमती प्रदेशका तीव्रगतिका बलर रिजन ढकालले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगितामा राम्रो प्रदर्शन गर्दै यसअघि राष्ट्रिय टोलीमा स्थान बनाएका हुन् । बायाँ हाते बलर हुँदा रिजनलाई नेपालले टोलीमा स्थान बनाउन थप सहज भएको हो ।

पछिल्लो प्रधानमन्त्री कपमा ९ खेलमा १५ विकेट लिएका ढकालको प्रदर्शनले उनलाई टिममा पारेको हो । हेटौंडाको हुप्रचौरमा क्रिकेट सिक्दै हुर्किएका ढकालले २५ माघ २०८० मा क्यानडासँगको एक दिवसीय क्रिकेटमा आफ्नो करिअरको पाँचौं बलमा अन्तर्राष्ट्रिय पहिलो विकेट लिएका थिए । क्यानडासँगको खेलमा नेपालको राष्ट्रिय टिमबाट उनले डेब्यू गरेका थिए ।

२४ वर्षीय ढकाल सन् २०१४ मा यु-१६ को राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा मकवानपुरले पाएको एउटा कोटामा छानिएका खेलाडी थिए । प्रशिक्षणमा राम्रो गरेपछि प्रशिक्षक बसन्त शाहीले उनलाई नेपालको यू-१६ टोलीमा राखेका हुन् ।

उमेर समूहको टोलीमा परेपछि उनको मिहेनतले राष्ट्रिय टिमसम्मको ढोका खोलिदिएको हो । थाइल्यान्डमा नेपालले एसीसी यू-१६ को उपाधि जित्दा उनले दुई खेल खेल्ने अवसर पाएका थिए ।

यसैगरी, क्यानले आइतबार बोलाएको बन्दप्रशिक्षणमा यसअघि आइसिसी टी-२० विश्वकप खेलेका केही खेलाडी एकदिवसीय टोलीमा छैनन् । सागर प्रतिश जिसी र अभिनास बोहरा बन्द प्रशिक्षणको टोलीमा छैनन् । यस्तै देव खनाल, रिजन ढकाल, भीम सार्की, आरिफ शेख, सूर्य तामाङ, बसिर अहमद, आकाश चन्द र अर्जुन साउद एकदिवसीय टोलीमा अटाएका हुन् । बाँकी खेलाडी टी-२० विश्वकप खेलेका खेलाडी छन् ।

नेपालले लिग-२ को दोस्रो सिरिज खेल्न लागेको हो । यसअघि नेपालले घरेलुमैदानमा पहिलो सिरिज खेलेको थियो । नेदरल्यान्ड्स र नामिबियाविरुद्धको यो सिरिजमा नेपालले एक खेल मात्र जित्दा तीन खेलमा पराजय भोगेको थियो । क्यानडामा हुने सिरिजमा घरेलु टोलीसँगै नेपाल र ओमानबीच प्रतिस्पर्धा हुनेछ । ओमानमा खेलेपछि नेपाली टोलीले अमेरिकामा अर्को सिरिज खेल्नेछ । अक्टोबरमा हुने सिरिजमा अमेरिका, नेपाल र स्कटल्यान्ड भिड्नेछन् ।

# शिवम्का सञ्चालक मारु सिमेन्ट उत्पादक संघको अध्यक्ष



साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ हेटौंडास्थित शिवम् सिमेन्टका प्रवन्धनिर्देशक रघुनन्दन मारु नेपाल सिमेन्ट उत्पादक संघको अध्यक्षमा सर्वसम्मत चयन भएका छन् ।

संघको २० औं वार्षिक साधारण सभाले मारुलाई ३ वर्षका लागि अध्यक्षमा निर्वाचित गरेको हो । मारु लामो समयदेखि सिमेन्ट उद्योगमा आबद्ध छन् । संघको अध्यक्षमा निर्वाचित भएपछि मारुले नेपाल सिमेन्टमा आत्मानिर्भर हुँदै गर्दा सिमेन्ट उद्योगसँग सम्बन्धित दीर्घकालीन तथा अल्पकालीन समस्या समाधान, स्थायित्व गुणस्तरीय उत्पादन, बजार व्यवस्थापन जस्ता कुराका लागि निजीक्षेत्रबाट सिमेन्ट उत्पादक संघ र सरकारबीच सहकार्य गरी अघि बढ्ने प्रतिक्रिया दिए ।

सबै सिमेन्ट उद्योगीलाई साथमा लिएर यस क्षेत्रमा देखापरेका चुनढुंगा उत्खनन्, वन, विद्युत्, बैंडकिङ तथा स्थानीय समस्यालगयत विभिन्न चुनौतीलाई सम्बन्धित निकायसँग समन्वय गरेर अघि बढ्ने उनले प्रतिबद्धता जनाए । वार्षिक साधारणसभाबाट नयाँ कार्यसमितिको उपाध्यक्षमा तारा पोखरेल र विकास दुगड, महासचिवमा राजाराम खड्का र कोषाध्यक्षमा अरुण कर्ण चयन भएका छन् ।

# बालज्योति माविका उत्कृष्ठ विद्यार्थी सम्मानीत

साझाकुरा संवाददाता



हेटौंडा, २० साउन/ नेकपा माओवादी केन्द्र हेटौंडा उपमहानगरपालिका-५ र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) मकवानपुरले २०८० सालको एसईई परीक्षामा बालज्योति माविबाट उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीलाई सम्मान गरेको छ ।

बागमती प्रदेशका निबर्तमान सामाजिक विकासमन्त्री तथा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा हेटौंडा-५ को बालज्योति माविबाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरिएको हो । कार्यक्रममा विद्यार्थीलाई सम्मान गर्दै सभासद मोक्तानले विद्यार्थी भविष्यको कर्णधार भएकोले अध्ययनमा विशेष ध्यान दिन आग्रह गरिन् । मोक्तानले समाजको सकारात्मक विकास गर्न विद्यार्थीको महत्वपूर्ण भूमिका हुने बताइन्।

कार्यक्रममा बालज्योति माविबाट एसईई परीक्षामा सहभागी भई उत्कृष्ट नतिजा ल्याउने ४० जना विद्यार्थीलाई सम्मान गरिएको हो । कार्यक्रमका विशेष अतिथि नेकपा माओवादी केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज बिजय गौतमले विद्यार्थीको उच्चशिक्षा अध्ययनका लागि यस्तो सम्मानले थप प्रेरणा मिल्ने बताए ।

नेकपा माओवादी केन्द्र मकवानपुर संयोजक भीम पाखिन, सचिव बीरबहादुर घलान 'ज्वाला', बागमती प्रदेश कमिटी सचिवालय सदस्य तथा राक्सिराङ गाउँपालिका इन्चार्ज सुभरत्न गोले, नेकपा माओवादी हेटौंडा उपमहानगर अध्यक्ष तीर्थ थापामगर, हेटौंडा-५ का वडाअध्यक्ष सुशील घिमिरे, विद्यालयका प्रिन्सिपल भरत अर्याल, अखिल (क्रान्तिकारी) बागमती प्रदेश कमिटी सचिव रामकृष्ण शिवाकोटी, केन्द्रीय सदस्य राजेन्द्र मोक्तान, जिल्ला कमिटी अध्यक्ष बुद्धराज अर्याल, उपाध्यक्ष दीपक बाइवा, जिल्ला सदस्य राहुल डिमडुङ, पबित्रा बिक, आयुष ठकुरीलगायतको आतिथ्यता रहेको थियो ।

# ताप्लेजुङ केन्द्रबिन्दु भएर लगातार भूकम्प

काठमाडौं, २० साउन/ नेपालको पूर्वी जिल्ला ताप्लेजुङ केन्द्रबिन्दु भएर पछिल्लो समय लगातार भूकम्प गइरहेको छ । आइतबार जिल्लाको आँखोप केन्द्रबिन्दु भएर भूकम्प गएको हो ।

राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार दिउँसो ४ बजेर २ मिनेट जाँदा भूकम्पको धक्का महसुस भएको थियो । यसको तीव्रता ४.२ म्याग्निच्युडको थियो ।

आठ दिन अघि साउन १२ गते पनि ताप्लेजुङ नै केन्द्रबिन्दु भएर भूकम्प गएको थियो । खेन्जिम केन्द्रबिन्दु भएको सो भूकम्पको तीव्रता ४.१ म्याग्निच्युड रहेको भूकम्प मापन केन्द्रको भनाई छ ।

त्योभन्दा अघि असार २६ गते जिल्लाको तापेथोक केन्द्रबिन्दु भएर भूकम्प गएको थियो । बिहान १ बजेर ४६ मिनेटमा गएको सो भूकम्पको तीव्रता ४.४ म्याग्निच्युडको थियो ।

गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं
☞ पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
☞ मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
☞ सडेगलेको र बासी खानेकुरा नखाऔं,
☞ खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
☞ धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
☞ घर बाहिर हिँड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
☞ घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
☞ व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पर्‍यो विदेश ?
हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्
७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुपमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

हाम्रो सुमो सेवाको
नयाँ प्रस्तुति...





Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा



२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन** Electric Van (EV) मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।
हेटौंडा–काठमाडौं–हेटौंडा
हेटौंडा–वीरगञ्ज–हेटौंडा
सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्
साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।
सञ्चालकः भेष खड्गी
हाम्रो सुमो सेवा
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना